# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

☎ ९८५८०६५१११

शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल


प.सं. : २०८१/०८२
च. नं. :

मितिः२०८१।१२।१२

**विषयः- महिला शान्ति र सुरक्षा सम्बन्धि प्रस्ताव नं १३२५ र १८२० द्धन्द प्रभावित महिला वा बालबालिकाको तथ्याङ्क संङ्कलनका लागि सूचना आह्वान सम्बन्धमा।**

**श्री वडा कार्यालयहरु सबै**
**श्री सामुदायिक विद्यालयहरु सबै**
**श्री स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र**
**गुर्भाकोट नगरपालिकाको कार्यालय , सुर्खेत**

प्रस्तुत विषयमा यस नगरपालिकाभित्र द्धन्दको समयमा सरकार र तत्कालिन विद्रोही पक्षबाट द्धन्द्ध प्रभावित महिला वा बालबालिकाहरुको आवश्यकता सम्बोधन गर्दै उनीहरुको सरोकारको विषयमा अर्थपूर्ण सहभागिता एंव आत्मसम्मान पूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्नुका साथै लगत संकलन गरी कार्यक्रम कार्यान्वयन गर्ने उद्धेश्यका साथ महिला, बालबालिका तथा समाजकल्याण शाखाको आ. व. ०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम महिला शान्ति र सुरक्षा सम्बन्धि प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनका लागि दोस्रो कार्ययोजना (२०७९-२०८२) कार्यान्वयन सम्बन्धी गुर्भाकोट नगरपालिकाको कार्ययोजना कार्यानवयन स्थानीय समिति सम्बन्धि कार्यविधि,२०८० व्यवस्था भएअनुसार तपशिल बमोजिमका व्यक्तिहरुलाई आजका मितिले पन्ध्र (१५) दिन भित्र सम्बन्धित वडा कार्यालयबाट लगत संङ्कलनका लागि सूचना आह्वान गरिएको छ।

**तपशिल**

**-आफू अध्ययनरत विद्यालय कब्जा भएको वा डर वा त्रासको स्थिति सिर्जना भएको वा शिक्षकहरु विस्थापित भएको वा अन्य कारणले गर्दा अध्ययन गर्न नपाएका महिला वा बालिका,**
**-आफ्नो थातथलोबाट विस्थापित महिला वा बालिका र बेचविखनमा परेका महिला वा बालिका,**
**-पति वा अभिभावक वा परिवारबाट विछोड भएका महिला वा बालिका,**
**- बारुदी सुरुङ्ग वा विस्फोटक पदार्थ वा हतियारको प्रयोग वा अन्य कुनै कारणले आफ्नो पति वा अभिभावक वा आफू स्वंय घाइते अङ्गभङ्ग वा अपाङ्गता भएका महिला वा बालिका मानसिक रुपमा पीडित महिला वा बालिका**
**- पति वा अभिभावक वा परिवारको कुनै सदस्यको मृत्यु भएका महिला वा बालिका**
**-यौन शोषणमा परेका वा जवरजस्ती करणीको घटनाबाट गर्भधारण गर्न बच्चा जन्माउन वा जबरजस्ती गर्भपतन गराउन वाध्य भएका महिला वा बालिका**
**-प्रचलित कानून बमोजिम राज्यद्धारा स्थापित सशस्त्र सुरक्षा फौज र अन्य सशस्त्र समूह वा सोसँग आवद्ध वा त्यस्तो फौज वा समूहलाई सहयोग गरेको आशङ्कामा कारर्वाहीमा परेका महिला वा बालिका**
**- हाल सुरक्षा गृह वा बालसुधार गृह वा बालगृहमा परेका वा निश्चित समयसम्म त्यस्ता गृहमा समय व्यतित गरी हाल बाहिर रहेका महिला वा बालिका**
**-हिरासतमा परेका वा कैदको सजाय भोगेका वा यातना पाएका वा अपरहणमा परेका महिला वा बालिका**
**-संघीय सरकार वा प्रदेश सरकार वा स्थानीय तहले द्धन्द्ध पीडितको प्रमाण स्वरुप परिचय पत्र उपलब्ध गराएका महिला वा बालिका**

२०८१/१२/१२
नि. प्रमुख प्रशासकीय अधिकृत